मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरवाङ, म्याग्दी
२०७३
गण्डकी प्रदेश, नेपाल
०६९-४२००२२

प.सं. २०८३/०८४
चलानी नं.

(सूचना नं. ९१.)

# सवारी साधन भाडामा लिने दरभाउ पत्र सम्बन्धी सूचना ।।

(दोस्रो पटक प्रकाशित मिति: २०८३/०५/१६)

यस मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दरवाङ, म्याग्दीको दैनिक कार्य सञ्चालनका लागि आवश्यक सवारी साधन भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म, व्यक्ति वा कम्पनीहरुले नियमानुसार खरिद प्रक्रियामा सहभागी हुन कार्यालयबाट उपलब्ध गराइएको दरभाउ पत्र फारममा आफुले उपलब्ध गराउन चाहेको सवारी विवरण तथा प्रस्तावित भाडादर उल्लेख गरी तपसिलको विवरण र शर्तहरुको अधीनमा रही दरभाउ पत्र पेश गर्न सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समयभित्र रु. १,०००/-(एक हजार रुपैंया मात्र) राजश्व दस्तुर तिरेको सक्कलै नगदी रसिद पेश गरेपछी यस कार्यालयबाट दरभाउ पत्र प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८३/०५/२२ गते) दिनको ५:०० बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३. खरिद भएका दरभाउपत्र ८ औं दिन (मिति २०८३/०५/२३ गते) दिनको १२:०० बजेभित्र सिलबन्दी रुपमा दर्ता गराउनुपर्नेछ ।

४. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु ८ औं दिन (मिति २०८३/०५/२३ गते) दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

६. दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ ।

७. चालु अवस्थामा रहेको पिक अप वा स्कोर्पियो हुनुपर्ने ।

८. सवारी साधनको नविकरण भएको ब्लुबुक साथै बिमा गरेको हुनुपर्ने ।

९. सवारी धनीले मर्मत खर्च आफै व्यहोर्नुपर्ने ।

१०. सवारीधनीले सवारीचालक अनुमतिपत्र भएको चालकको व्यवस्था गर्नुपर्ने ।

११. सवारी साधन पालिकाको आवश्यकता अनुसार नेपालभर चल्नेछ ।

१२. सवारी साधन मर्मत गर्दा १ दिन भन्दा वढी लागेमा नचलेको अवधिको रकम दामासायीले कट्टा गरिने छ ।

१३. कवोल अङ्क कम भएकै कारण प्राविधिक जाँच गर्दा कमजोर अवस्थाको सवारी साधन लिन गाउँपालिका बाध्य हुनेछैन ।

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
२०७३
गण्डकी प्रदेश, नेपाल
०६९-४२००२२

१४.सवारी साधनको सिट क्षमता हेरि गाउँपालिकालाई लाभ लागत विश्लेषण गरी उपयुक्त सवारी साधनमात्र भाडामा लिइनेछ ।

१५.प्राप्त निवेदनहरु पालिकाको बजेट सिमा हेरी स्वीकृत गर्ने नगर्ने अधिकार गाउँपालिकामा रहनेछ ।

**निवेदन साथ व्यक्ति, फर्म वा कम्पनीले पेश गर्नुपर्ने कागजातहरु:-**

(क) व्यक्तिको हकमा:

- ✓ नागरिकताको छायाँप्रति - थान १
- ✓ सवारीको किसिम
- ✓ चालक सहितको भाडा रकम (इन्धन सहित)
- ✓ चालक सहितको भाडा रकम (इन्धन बाहेक)
- ✓ सवारी चालकको नागरिकता तथा चालक अनुमतिपत्रको छायाँप्रति - थान १ (नविकरण भएको)
- ✓ सवारी साधनको ब्लुबुकको छायाँप्रति - थान १ (नविकरण भएको)
- ✓ सवारी साधन बिमाको प्रमाणित कागजातको छायाँप्रति - थान १

(ख) फर्म वा कम्पनीको हकमा:

- ✓ फर्म दर्ता प्रमाणपत्रको छायाँ प्रति थान - १
- ✓ करचुक्ता प्रमाणपत्र (आ.व. ०८२/०८३) को छायाँ प्रति थान - १
- ✓ सवारीको किसिम
- ✓ चालक सहितको भाडा रकम (इन्धन सहित)
- ✓ चालक सहितको भाडा रकम (इन्धन बाहेक)
- ✓ सवारी चालकको नागरिकता तथा चालक अनुमतिपत्रको छायाँप्रति - थान १ (नविकरण भएको)
- ✓ सवारी साधनको ब्लुबुकको छायाँप्रति - थान १ (नविकरण भएको)
- ✓ सवारी साधन बिमाको प्रमाणित कागजातको छायाँप्रति - थान १

पुनश्च :- अन्य थप जानकारीको लागि कार्यालय समयमा सम्पर्क गर्नुहुन समेत जानकारी गराइन्छ । म्याद नाघी आएको निवेदन उपर कुनै कारबाही हुने छैन ।

.......................
हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत